FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली
Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

*Ref. N-395/015-17* *GoN Registration No. : 01-2070/71*

**संघका अध्यक्षबाट सहयोग हस्तान्तरण**

गत् सन् २०१६, जुलाई ३० र ३१ मा डेनमार्कको कोपन हेगनमा आयोजना भएको ९औं युरोपियन क्षेत्रीय बैठकमा बौद्धिक अपांगता भएका विद्यार्थीहरुको सहज र भरपर्दो यातायातका लागि गाडि खरिद गर्न हेटौडेली परिवार गैरसरकारी संस्थालाई अपुग भएको रु. १३ लाख रुपैंया संघका विभिन्न पदाधिकारीहरु डा. शेष घले, अध्यक्ष – रु. ६ लाख, डा. उपेन्द्र महतो, संस्थापक अध्यक्ष – रु. ३ लाख, भवन भट्ट, उपाध्यक्ष,– रु. १ लाख, कुमार पन्त, उपाध्यक्ष,– रु. १ लाख, कूल आचार्य, क्षेत्रीय संयोजक युरोप – रु. १ लाख र क्षेत्र कुमार श्रेष्ठ, – रु. १ लाख, अध्यक्ष, राष्ट्रिय समन्वय परिषद् इटाली बाट प्रतिबद्धता गरिएको थियो ।

यसै सन्दर्भमा उक्त रकम आज एक औपचारिक कार्यक्रम वीच हेटौडेली परिवार गैरसरकारी संस्थाका सल्लाहकार स्पेन निवासी श्री आईना वारसालाई संघका अध्यक्ष डा. शेष घलेले संस्थागत रुपमा हस्तान्तरण गर्नु भयो ।




प्रतिबद्धता गरिएको रकम हस्तान्तरण गर्न पाउंदा खुशी लागेको बताउंदै बालबालिकाहरुको उज्ज्वल भविष्यको कामना गर्नु भयो । यसरी नै हेटौडेली परिवार गैर सरकारी संस्थाका सल्लाहकार स्पेन निवासी श्री आईना वारसाले रकम सहयोग गर्नु भएकोमा अध्यक्ष, सहयोगकर्ता लगायत गैरआवासीय नेपाली संघ प्रति आभार प्रकट गर्दै प्राप्त सहयोगबाट संस्थालाई यातायात क्षेत्रमा ठूलो राहत भएको जानकारी गराउनु भयो ।

रन्जु थापा वाग्ले,
प्रवक्ता,
अन्तर्राष्ट्रिय समन्वय परिषद्, गैरआवासीय नेपाली संघ ।
मिति : २०७३ माघ १०